नेपाल सरकार
कृषि,वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, चौतारा, सिन्धुपाल्चोक

सूचना नं. ०३ प्रथम सूचना प्रकाशित मितिः २०८३/०५/०२

**कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनकालागि प्रस्ताव आव्हान सम्बन्धि सूचना !**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, सिन्धुपाल्चोकको चालु आ.व. २०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत **"कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक युवा कृषक वा कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र अर्थात (२०८२/०५/२२ गतेभित्र) चौतारा, सिन्धुपाल्चोकस्थित यस कार्यालय वा जोन प्राविधिक एकाई धुलिखेल, बाँसघारी, काभ्रेपलाञ्चोकमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिलः

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | वार्षिक लक्ष्य | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम | १६ देखि ४० बर्ष उमेर समूह भित्रका युवा कृषक वा कृषि उद्यमी | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभरी | २४ | कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा भुक्तानी गरिनेछ। |

कार्यक्रम संञ्चालन गर्न सकिने बाली/वस्तु/क्रियाकलपाहरु (कार्यविधिको दफा ४ बमोजिम )

१.तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण
२.तरकारीको बीउ- बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण
३.दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात
४.च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण
५.मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण
६.अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण
७.मौरीपालन व्यवसाय र मह प्रशोधन
८.जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको बीउ
९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण
१०.फलफूल प्रशोधन र बजारीकरण
११.खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन
१२.प्राङ्गारिक कृषि बस्तु निर्यात,
१३.ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन,प्रशोधन र भण्डारण,
१४.घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय
१५.साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन
१६.व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,
१७.जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण
१८.बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु- कल्चर प्रविधिबाट र विरुवा उत्पादन गर्ने व्यवसाय

निबेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव।
२. निवेदकको ब्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)
३. कार्यक्रम संचालनकालागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षकालागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)
४. उद्यम वा ब्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि (म्याद थप समेत), कारोबार सम्बन्धी अन्य कागजातहरु।
५. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/ सहकारी संस्थाको सिफारिस पत्र।

**थप जानकारी चाहिएमाः**


सम्पर्क नं : ०११-६२०१२५(सिन्धुपाल्चोक), ९८६०६४५६०१/९८५१२००१२५ (काभ्रे)
email : pmamp.piu.sindhupalchok@gmail.com
website : www.piusindhupalchowk.pmamp.gov.np
facebook page : राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सिन्धुपाल्चोक


"कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२" साथै आवेदन र प्रस्ताव फारामको ढाँचा (अनुसूची-२ र ३ बमोजिम) माथि उल्लेखित कार्यालयको website बाट download गर्न सकिनेछ तथा बिस्तृत जानकारी चाहिएमा माथिको फोन नं. मा सम्पर्क गर्न सकिनेछ।